# ढोरपाटन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## बुर्तिबाङ ,बागलुङ
गण्डकी प्रदेश, नेपाल

## जनहितमा जारी सूचना

### सूचना प्रकाशित मिति: २०७९/०९/२६

क) के तपाईंले ढोरपाटन नगरपालिका भित्र जग्गा किन्दै हुनुहुन्छ ? विचार पुऱ्याउनु होला । विशेष ध्यान दिनु होला।

१)फिल्डमा मात्र होइन, नापी नक्शामा सार्वजनिक बाटो कायम रहेको छ, छैन ? नापी र मालपोत कार्यालयमा चेकचाँज गर्नुहोला ।

२)खोल्सी ढाकेर, छोपेर, मिचेर बाटो कायम गरिएको त छैन ? यसरी बनाइएका बाटोहरु गैरकानूनी हुन् । यस्ता जग्गामा लगानी गर्दा पछुतो हुन सक्छ ।

३)तपाईंले किन्न लागेको जग्गा खोलाको किनार भित्रको त होइन ? जग्गा फिल्डमा एकतिर देखाइने, नापी नक्सामा अन्यत्र भएर दु:ख पाएका घटनाहरु प्रशस्त छन् । सुरुमै सावधानी अपनाएको खण्डमा पछि दु:ख पाउन र ठगिनबाट बचिन्छ ।

४)तपाईंलाई सार्वजनिक जग्गा मिचेर फिल्डमा बाटो कायम गरिएको किता ठूला देखाइ झुक्काइएको त छैन ?

५)कतै ढिस्को भासेर, पुरुवा माटोले सम्याइएको जग्गा पो किन्दै हुनुहुन्छ कि ? यस्तो जग्गामा घर बनाउँदा धेरै भासिने खतरा हुन्छ ।

६ कतै जग्गा (High Tension line )उच्च भोल्टेजका विजुलीका तार मुनि त पर्दैन ?

७)(Road widening)सडकको चौडाइ सडकको मापदण्ड अनुरुप बाटो विस्तार भित्र पर्छ कि ?

८)दलदले र गहिरो खेत पुरेर घडेरी बनाइएको रहेछ भने त्यस्तो ठाउँमा भूकम्पको कम्पन (धक्का) बढी हुन्छ । यस्ता ठाउँमा बनाइने घरहरु माटो परिक्षण गरी विशेष खाले जग हाल्नुपर्ने हुन्छ । बलियो जग नहालेमा आफ्ना परिवार र छिमेकी समेतको जिउ ज्यानको सुरक्षा खतरामा रहने डर हुन्छ । स्वभावतः सावधानी अपनाउनुपर्ने हुन्छ ।

९) भुकम्प ,आगलागी, बाढी ,पहिरो जस्ता अप्रत्यासित प्राकृतिक प्रकोपको बेला आपतकालीन उद्धारको लागि दोहोरो एम्बुलेन्स, दमकल चल्न अनिवार्य छ । सडकको चौडाई एम्बुलेन्स र दमकललाई दोहोरो आवत जावत गर्न पुग्ने भएमा सुरक्षित हुन अस्पताल दौडाउन सजिलो हुन्छ । लगानी पूर्व भविष्यमा सम्भावित दुर्घटनाको पनि ख्याल गर्नुहोला ।

नाप नक्सा शाखा